# मानव अधिकार पत्र

**Human Rights Newsletter**

राष्ट्रिय मानव अधिकार आयोगको बुलेटिन, २०७३ जेठ

राष्ट्रिय मानव अधिकार आयोग

वर्ष १, अंक २ | राष्ट्रिय मानव अधिकार आयोगको मासिक बुलेटिन | २०७३ जेठ


## राष्ट्रिय मानव अधिकार आयोगले १७ औं स्थापना दिवसः मानव अधिकार रक्षाका लागि क्रियाशील हुनुपर्नेमा जोड

**ललितपुर**/यही जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो १७ औं स्थापना दिवस एक समारोहबीच मनाएको छ । प्रधानमन्त्री केपी शर्मा, ओलीको प्रमुख अथित्यतामा सम्पन्न सो कार्यक्रममा मानव अधिकारको क्षेत्रमा कार्यरत दुई जना मानव अधिकारकर्मीहरूलाई दयाराम परियार मानव अधिकार स्मृति सम्मान, २०७२ बाट सम्मान गरिएको थियो ।




*राष्ट्रिय मानव अधिकार आयोगको १७औं स्थापना दिवसः तस्वीरः सुबोध पोखरेल*

सम्मानित व्यक्तित्वहरूमा पत्रकार श्यामसुन्दर शशी र अधिकारकर्मी चरीमाया तामाङ रहनुभएको थियो । शशी पत्रकारिताको क्षेत्रमा रहेर नागरिकका अधिकारको सम्बर्द्धन र संरक्षणको क्षेत्रमा तीन दशकभन्दा बढी समयदेखि निरन्तर कलम चलाइरहनुभएको छ । त्यसै गरी तामाङ लामो समयदेखि बेचबिखनमा परेका महिलाको उद्धार,पुनर्स्थापना तथा उनीहरूको अधिकारको लागि वकालतमा क्रियाशील हुनुहुन्छ । दुवै जनालाई सम्माननीय प्रधानमन्त्री तथा कार्यक्रमका प्रमुख अथिति केपी शर्मा ओलीले प्रमाणपत्रका साथ दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।




*दयाराम परियार मानव अधिकार स्मृति सम्मान, २०७२ पाउने व्यक्तित्व माथि चरीमाया तामाङ र तल श्यामसुन्दर शशी, तस्वीरः सुबोध पोखरेल*

सो अवसरमा कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष अनूप राज शर्माले संविधान सभामार्फत प्राप्त संविधानले राज्यको संरचना लगायत विभिन्न विषयमा ठूलो फड्को मार्न खोजेको भए पनि अहिले मुलुकका सामु संविधान सहज तरीकाबाट कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभएको थियो ।

सम्माननीय प्रधानमन्त्री/कार्यक्रमका पमुख अथिति ओलीले मानव अधिकार रक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताउँदै मानव अधिकार उल्लङ्घन हुन नदिने तर्फ सचेत

## आयोगको सचिवमा भट्टराई

राष्ट्रिय मानव अधिकार आयोगमा क्षेत्रीय निर्देशक, निर्देशक तथा का.मु. सचिवको पदमा रहेर लामो समयदेखि काम गर्दै आउनुभएका वेदप्रसाद भट्टराई मिति २०७३ जेष्ठ १३ गते आयोगको सचिव पदमा नियुक्त हुनुभएको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगबाट भएको सिफारिस अनुरुप का.मु. सचिव भट्टराईलाई नेपाल सरकारले जेठ १३ गतेको निर्णयबाट सचिव पदमा नियुक्त गरेको हो ।

सन् २००६ मा राष्ट्रिय मानव अधिकार आयोगको मध्यपश्चिम क्षेत्रीय निर्देशकमा कार्यरत भट्टराई सन् २०१३ देखी का.मु. सचिवको रूपमा कार्य गर्दै आउनुभएको थियो । भट्टराईले त्रि.वि.वि.बाट व्यवस्थापनमा स्नातकोत्तर र कानुनमा एलएलबी गर्नुभएको छ । त्रि.वि.वि. अन्तर्गत व्यवस्थापन विषयमा केही वर्ष प्रध्यापन समेत गर्नुभएका भट्टराईले भारत, डेनमार्क, जर्मनी, बंगलादेश, फ्रान्स, मलेसिया, कतार, स्वीजरल्याण्ड, अष्ट्रेलिया, अमेरिका लगायत मुलुकमा विभिन्न समयमा सम्पन्न मानव अधिकारसम्बन्धी तालिम, कार्यशाला र बैठकमा आयोगको तर्फबाट प्रतिनिधित्व गर्दै सहभागिता जनाउनुभएको छ ।

मानव अधिकारको संरक्षण र संवर्द्धनमा वहाँले गर्नु भएका महत्वपूर्ण कार्यहरुको राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरबाट समेत सह्ाना गरिएको छ । सीमान्तकृत र आवजावीहिन वर्गको मानव अधिकार संरक्षणमा आयोग सदैव दृण रहनुपर्नेमा वहाँको विश्वास छ ।

रहेको बताउनुभयो । मानव अधिकारको क्षेत्रमा आयोगले गरेको कामको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले आयोगको एकल प्रयासले मात्र मानव अधिकार उल्लङ्घनका घटनामा कमी नआउने भन्दै त्यसतर्फ सबैले आ,आफ्नो क्षेत्रबाट सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्नुभयो । मानव अधिकार बिना भेदभाव सबैमा लागू हुने विषय भएको र मानवको स्वतन्त्रपूर्वक भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको सबैले सधैं सम्मान गर्नुपर्नेमा उहाँको जोड थियो । भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि सरकार क्रियाशील रहेको भन्दै गरिबी हटाउने प्रयासमा सरकारले प्राथमिकताका साथ कार्य गरिरहेको जानकारी दिनुभयो ।



*आयोगमा १५ वर्षदेखि कार्य गर्ने कर्मचारीहरूलाई दोसल्ला ओढाएर दीर्घ सेवा सम्मानपत्र प्रदान माथिबाट क्रमश: दीपक कार्की, जीवन न्यौपाने, ज्ञानेन्द्र महर्जन, रोजीना तामाङ र सूर्यकान्त खतिवडा, तस्वीर: सुबोध पोखरेल*

कार्यक्रममा प्रधानमन्त्री ओलीले “संवाहक” नामक मानव अधिकार जर्नल र आयोगले गरेका महत्वपूर्ण सिफारिसहरूको सगालो २०७३ को को सार्वजनिकीकरण गर्नुभएको थियो । यस्तै कार्यक्रममा आयोगमा १५ वर्ष देखि निरन्तर सेवा गर्दै आउनुभएका कर्मचारीहरूलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरी दीर्घ सेवा सम्मान प्रदान गरिएको थियो । यसरी सम्मानित हुनेहरूमा उपक्षेत्रीय कार्यालय बुटवलमा कार्यरत उपनिर्देशक दीपकजङ्गध्वज कार्की, केन्द्रीय कार्यालयका उपनिर्देशक सूर्य देउजा, केन्द्रीय कार्यालयका मानव अधिकार अधिकृत जीवन न्यौपाने, कर्मचारीहरू सूर्यकान्त खतिवडा, ज्ञानेन्द्र महर्जन र रोजिना तामाङ रहनुभएको छ । कार्यक्रममा नेपाल सरकारका उपप्रधानमन्त्री, गृहमन्त्री, मन्त्रीहरू, विभिन्न राजनीतिक दलका नेता, सभासद्हरू, नेपाल सरकारका सचिवहरू, संवैधानिक निकाय, सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । त्यसै गरी विभिन्न देशका राजदूतहरू, कुटनीतिक नियोगका प्रमुख/प्रतिनिधिहरू, मानव अधिकारकर्मी,नागरिक समाजका अगुवा, विभिन्न पेशागत सङ्घसंस्थाका प्रमुख र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

# राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष श्री अनूप राज शर्माले आयोगको १७औं स्थापना दिवसको उपलक्ष्यमा दिनु भएको मन्तव्य

*सम्माननीय प्रधानमन्त्रीज्यू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,*

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको आज १६ बर्ष पूरा भएको छ । देशभित्र सशस्त्र द्वन्द्वको अवस्थामा स्थापित यस आयोगको शुरुको अवस्था निकै नै चुनौतिपूर्ण थियो र त्यस्तो चुनौति अझै पनि निर्मूल हुन नसकेको स्थिति छ । सार्वभौम नेपाली जनता, नागरिक समाज, मानवअधिकारकर्मीहरुको अटुट आस्था र विश्वासबाट यो आयोग विविध चुनौतिका बाबजुद पनि जिवन्त छ ।

वि.सं. २०७२ साल बैशाख महिनाको विनाशकारी भूकम्पले धनजनको ठूलो क्षति गरायो । आयोगले विनाशकारी भूकम्प पश्चात सोही दिनबाटै मानवअधिकार अवस्थाको अनुगमन शुरु गरेको थियो । भूकम्पको कारण आमनागरिकहरुको बसोबासको अधिकार, खाद्यान्नको अधिकार, स्वास्थ्य शिक्षाको अधिकार, सीमान्तकृत बर्ग, समुदाय, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु र कारागारभित्र रहेका कैदीबन्दीहरु लगायतको सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा गम्भीर आघात पुग्न गयो । आयोगले नेपालबार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्थामहासंघ लगायत प्रभावित जिल्लाका अन्य संघ सस्था एवं अधिकारकर्मीहरुसँग समन्वय गरी मानवअधिकार घुम्ती शिविर मार्फत अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्यो । भूकम्प प्रभावितहरुको मानवअधिकार अझै पनि सुनिश्चित हुन सकिरहेको स्थिति देखिन्न ।

संविधान सभामार्फत प्राप्त संविधानले राज्यको संरचना लगायत विभिन्न विषयमा ठूलो फड्को मार्न खोजेको छ । अहिले मुलुकका सामु संविधान सहज तरीकाबाट कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण रहेको छ । संविधानका केही अन्तरवस्तुसँग सन्तुष्ट हुन नसकेको राजनैतिक दलहरुको माग, विरोध र प्रतिवादका कारण राष्ट्रले ठूलो क्षतिको सामना गर्नुपरेको हाम्रो सामु छ । आपसी संवाद र सार्थक वार्ताबाट नै प्रत्येक विमतिको समाधान खोज्नु पर्दछ । राजनीति र प्रशासन दुवै मानवअधिकार संरक्षणको लागि हुनु पर्नेमा आयोग दृढ छ । अधिकारको खोजीगर्दा कसैले पनि कर्तव्यलाई भुल्न नहुने र मानवअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र पालना मूलतः सरकारले नै गर्नुपर्नेमा द्विविधा रहनु हुँदैन । राष्ट्रिय मानवअधिकार आयोग यसको निगरानीकर्ता मात्रै हो । मधेस आन्दोलनको क्रममा भएको अघोषित दक्षिणी सीमानाकाको अवरोधबाट नेपाली जनताले झेल्नु परेको दैनिक उपभोग्य सामग्रीहरुको अभाव, कालोबजारी र बजार अव्यवस्थाले शिक्षा, स्वास्थ्य, रोजगारीका अधिकारहरुमा परेको अनपेक्षित प्रभाव तथा नागरिकको स्वतन्त्रपूर्वक हिँडडुल गर्न पाउने अधिकार समेत कुण्ठित भई कष्टकर जीवन विताउन वाध्य हुनु पर्यो ।

आजको सन्दर्भमा मानवअधिकारको अवस्थालाई आयोगमा वा अन्य कुनै संस्थाहरूमा दर्ता हुनआउने उजुरीको संख्यालाई हेरेर मात्रै विश्लेषण गर्नु सर्वथा उपयुक्त हुँदैन । स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानिसका नैसर्गिक अधिकारहरूको उपयोगको स्थिति सबै कोणबाट हामीले मनन् गर्न आवश्यक छ । देशको मानवअधिकारको सुचकाङ्क राम्रो हुनको लागि शान्ति, सुरक्षा र दीगो विकास अपरिहार्य आवश्यकता हुन् । देशमा भएका मानवअधिकार आन्दोलनको प्रमुख लक्ष्य पनि समाजमा रहेका विभेदको अन्त्य गरी चरम गरिवी न्यूनीकरण र देशको चौतर्फी विकास गरी रोजगारीको सृजना गर्नु रहेको छ ।

यस अवसरमा म आमजनसमुदाय, राज्यकानिकाय, दातृ निकायहरु, नागरिक समाज, प्रबुद्ध वर्ग, पीडित लगायत सबै सरोकारवालासँग हातेमालो गरी मानवअधिकारको संरक्षण, संबर्द्धन र सुनिश्चितताका लागि विशेष सहकार्य गरी अगाडी बढ्न आव्हान गर्न चाहन्छु ।

कानूनी राज्य, सुशासन र दण्डहीनताको अन्त्यको स्थिति मानवअधिकार र लोकतन्त्रको पर्याय भएको हुँदा राज्यका प्रत्येक अंग यसको लागि प्रभावकारी रूपमा कृयाशील हुन जरूरी छ । मानवअधिकार आयोगलाई नेपालको संविधानले सुम्पिएको काम कर्तव्य र अधिकारको पालना गर्ने कार्यमाकतैबाट रोकावट गरिदिनु हुँदैन । आयोगका बस्तु निष्ट प्रतिवेदनहरु कसैलाई रुचिकर नहुन पनि सक्छ । आयोग कसैप्रति पूर्वाग्रही छैन । पूर्व मेची देखि महाकाली हिमाल वा सो भन्दापारी नेपालीभूमिमा बस्ने पहाड देखि तराईसम्मका समस्त नेपालीहरुको मानवअधिकार सुनिश्चितताको आँकलन गर्नु यस आयोगको कर्तव्य हो । लैङ्गिक असमानता, महिला माथि हुने हिंसा र दुर्व्यवहार, यातना, मानव बेचविखन विरूद्ध अभियान नै चलाउनु पर्ने तथा शिक्षा, स्वास्थ्य आवास जस्ता आधारभूत विषयबस्तुमा सम्पूर्ण मानव समुदायको सहज पहुँचका लागि प्रभावकारी कदम चाल्न आवश्यक छ । सम्मानपूर्ण व्यवहारबाट बञ्चित सम्पूर्ण उपभोक्ताहरूको अधिकारलाई आफ्नै अधिकार सम्झी मर्यादित व्यवहार गर्न जरुरी छ ।

देशमा अझै पनि मानवअधिकारको स्थिति सन्तोषजनक छ भन्नुपर्ने अवस्थामा छैन । अस्थिर रुपमा नै रहेको छ । लामो समय पश्चात देशले संविधान प्राप्त गरिसक्दा पनि सोको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको, भूकम्प प्रभावितहरु अझै पनि पुनर्स्थापित हुन नसकिरहको, संक्रमणकालीन न्यायको व्यवस्था अझै सुनिश्चत हुन नसकेको अवस्थाछ । त्यसैले पुनर्निमाणको कार्यलाई बर्षातको समय अगावै तीव्रता दिई भूकम्प प्रभावितहरुलाई बासको व्यवस्था मिलाउनु आवश्यक छ । बार्ता र संवादको माध्यमबाट सबै राजनैतिक तथा संवैधानिक व्यवस्थाको यथाशीघ्र समस्याको हल खोज्न जरुरी छ ।

आयोगका विगतमा भएका सम्पूर्ण सिफारिसहरूको पूर्ण कार्यान्वयन गर्नेतर्फ नेपाल सरकारले गम्भीरताका साथ ध्यान पुऱ्याउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । साथै, अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धीरोम विधानको अनुमोदन हुन पनि स्मरण गराउँदछु । मानवअधिकारको विश्वव्यापी आवाधिक समीक्षा सन्दर्भमा नेपाल सरकारले प्रतिवद्धता गरेका विषयहरूको कार्यान्वयन अवस्था सन्तोषजनक बनाउन पहल हुनुपर्ने र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी महासन्धिहरूको समयमा नै प्रतिवेदन पेश हुन नसकेको विषयलाई पनि सरकारले गम्भीर रूपमा लिन अनुरोध गर्दछु । आयोगका वार्षिक प्रतिवेदनहरु संसदसमक्ष पेश भई छलफल हुने परिपाटीको शुरुआत हुन म विशेष आग्रह गर्दछु ।

*सम्माननीयप्रधानमन्त्रीज्यू तथाअतिथिज्यूहरू,*

नागरिक आन्दोलनको सततप्रयासमा स्थापित यस आयोगको आधारस्तम्भ सम्पूर्ण नागरिक समाज, मानवअधिकारकर्मी तथा संचारजगत नै भएकाले सबै सरोकारबालाहरू मामानवअधिकारको संरक्षण र संवर्द्धनमा विगतमाझैं यथेष्ठ सहयोग र सहकार्यको अपेक्षागर्दछु । सबै सुरक्षा संयन्त्र, सरकारी निकायहरू, राजनीतिकदलहरू, पेशागत संघसंगठन एवं वुद्धिजिवी वर्गले मानवअधिकार संस्कृतिको विकास गर्दै मानवमर्यादा उच्च राख्नआ-आफ्नो स्थानबाट यथेष्ट सहयोग पुर्‍याउनु हुने नै छ भन्ने विश्वास व्यक्तगर्न चाहन्छु ।

अन्त्यमा, आफ्नो व्यस्त समयको वावजुद आयोगलाई अमूल्य समय दिनु भएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री खड्ग प्रसाद शर्मा ओलीज्यू तथा आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

॥ धन्यवाद ॥

२०७३।२।१३ ललितपुर, नेपाल ।

राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीज्यूहरु**

अध्यक्ष : अनूप राज शर्मा
सदस्य : प्रकाश वस्ती
सदस्य : सुदिप पाठक
सदस्य : मोहना अन्सारी
सदस्य : गोविन्द शर्मा पौड्याल

सचिव : वेदप्रसाद भट्टराई

# सञ्चारसम्बन्धी तीन दिने कार्यशाला गोष्ठी

**ललितपुर**/साउथ एसिया क्षेत्रमा कार्यरत राष्ट्रिय मानव अधिकार आयोगको सञ्चार तथा प्रविधिमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले तीन दिने सञ्चारसम्बन्धी कार्यशाला गोष्ठी काठमाडौंमा भएको छ ।

एसिया प्यासेफिक फोरमको आयोजनामा सम्पन्न सो गोष्ठीमा नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, प्यालेष्टाइन, अस्ट्रेलिया, मलेसिया ,न्यूजिल्याण्ड, अफगानिस्तान, फिलिपिन्स, काजिस्तान, मङगोलियाको मानव अधिकारको क्षेत्रमा राष्ट्रिय संस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

गोष्ठीमा जेम्स इलिफ र जुरी म्याकगोल्डले सञ्चार रणनीति, सामाजिक सञ्जालको प्रयोग सञ्चार माध्यममा सही सूचना प्रभाव गर्ने तरिका, अन्तर्वार्ताको तयारी लगायतका विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो । सो अवसरमा आआफ्नो मुलुकका मानव अधिकार आयोगले सञ्चारको क्षेत्रमा गरेका गतिविधिहरूको बारेमा प्रस्तुतीकरणमार्फत अनुभव आदानप्रदान गरिएको थियो ।

भावी दिनहरूमा गर्न सकिने सहकार्य र समन्वय सम्बन्धमा पनि चर्चा गरिएको थियो । त्यसै गरी मानव अधिकार, स्वास्थ्य अधिकार, महिला अधिकार र शिक्षाको अधिकारको बारेमा विशेष जोड दिनुपर्नेमा सहभागीहरूको जोड थियो ।

गोष्ठीमा आयोगका मा. सदस्य प्रकाश वस्ती र क्षमता सवलीकरण परियोजनाका अधिकृत माधव रेगमीले २०७२ सालको भूकम्पपश्चात् हालसम्म राष्ट्रिय मानव अधिकार आयोगबाट सम्पादित गतिविधिहरूको बारेमा प्रस्तुतिमार्फत प्रकाश पार्नुभएको थियो ।



*एपिएफ कम्यूनिकेशन नेटवर्क सम्बन्धी तालीम तथा वर्कशप आयोगका माननीय अध्यक्ष अनुप राज शर्माबाट उद्घाटन, तस्वीरः सुबोध पोखरेल*



*एपिएफ कम्यूनिकेशन नेटवर्क सम्बन्धी तालीम तथा वर्कशपमा २२ मुलुकका राष्ट्रिय मानव अधिकार संस्थानहरूका सभभागीहरू, तस्वीरः सुबोध पोखरेल*




*एपिएफ कम्यूनिकेशन नेटवर्क सम्बन्धी तालीम तथा वर्कशपमा नेपाल सहित २२ वटा मुलुकका राष्ट्रिय मानव अधिकार संस्थानहरू र आयोगका माननीय अध्यक्ष र सदस्य सहित एशिया प्रशान्त क्षेत्रका, प्रतिनिधिहरू, तस्वीरः सुबोध पोखरेल*

# सरकारी निकायका प्रतिनिधिहरुमा नै जिम्मेवारी अभाव

**ललितपुर**/चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रतिवेदन सूचकाङ्क तथा रुजु सूची (चेकलिष्ट) सम्बन्धमा ललितपुरमा सरोकारवाला निकायहरुबीचमा छलफल भएको छ । राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा भएको छलफलमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय लगायत विभिन्न मन्त्रालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत बद्रीप्रसाद सुवेदीले मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी आयोगको अनुगमनबाट प्राप्त अनुगमन प्रतिवेदनबाट प्राप्त तथ्यलाई प्रस्तुत गर्नुभएको थियो । त्यसै गरी अधिवक्ता सतिशराज मैनालीले चौथो मानब अधिकार राष्ट्रिय कार्य योजना सुचकाङ्क तथा रुजु सूची (चेकलिष्ट) बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सहसचिव रमेश ढकालले कार्ययोजनाको अवस्था, देखिएका चुनौती र आगामी दिनमा चाल्नुपर्ने कदमका सम्बन्धमा चर्चा गर्नुभएको थियो ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले कार्ययोजनाबारे कामको थालनी भए पनि विशेषतः जिल्लास्थित सरकारी निकायका अधिकारी/कर्मचारीहरू अनविज्ञ रहेको भन्नुभयो । कार्ययोजना कार्यान्वयनको लागि नेपाल सरकारका प्रनिनिधिहरुले जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने टड्कारो आवश्यकता देखिएकोमा जोड दिनुभयो । कार्यान्वयन गर्ने-गराउने निकायका प्रतिनिधिहरू नै कार्यक्रमप्रति सम्वेदनशील हुन र कार्यक्रमको महत्त्वलाई मनन गर्न नसक्नुलाई आयोगले गम्भीर रूपमा लिएको र त्यसतर्फ आवश्यक कदम चाल्न आयोग लागिपर्ने उहाँको भनाइ थियो ।

आयोगका माननीय सदस्य मोहना अन्सारीले कार्ययोजनाको कार्यान्वयनमा निकै ठूलो चुनौती रहेको उल्लेख गर्नुभयो । आयोगद्वारा आयोजित कार्यक्रममा कतिपय मन्त्रालयबाट सहभागिता नजनाउने, सहभागिहरूबाट पनि बिना जानकारी कार्यक्रम समापनपूर्व बीचैमा छोड्नेजस्ता प्रवृत्तिबाट नै काययोजनाको कार्यान्वयन अवस्था कस्तो छ भनी सहजै अनुमान गर्न सकिन्छ भन्ने विचार व्यक्त गर्नुभयो । आयोगले यस सम्बन्धमा उपयुक्त कदम चाल्ने छ, उहाँको जोड थियो ।

मानव अधिकार कार्ययोजनाले लागू भएको १२ वर्ष वितिसकेको छ । चौथो राष्ट्रिय मानव अधिकार कार्ययोजनामा शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, संस्कृति, कानूनी सुधार र न्यायप्रशासन, वातावरण र दीगो विकास, महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक ,अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन लगायत १८ बटा विषयहरु समेटिएको छ ।




*चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रतिवेदन सूचकाङ्क तथा रुजु सूची (चेकलिष्ट) कार्यक्रममा सहभागिहरू, तस्वीरः सुबोध पोखरेल*




*आयोगका मा.सदस्य मोहना अन्सारी र सचिव वेदप्रसाद भट्टराई चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रतिवेदन सुचकाङ्क तथा रुजु सूची (चेकलिष्ट) कार्यक्रममा, तस्वीरः सुबोध पोखरेल*

## गाईगोठमा थुनेर राखिएकी रुपा गौतमको उद्धार

**विराटनगर**/विगत २० वर्षदेखि मानसिक सन्तुलन गुमाएर गाईगोठमा राखिएकी मोरङ जिल्ला कोशी-हरैंचा नपा.वडा नं.३ विराटचोकबाट ४८ वर्षिया रुपा गौतमको राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरले उद्धार गरेको छ । उनको अवस्थाको बारेमा नेपाल अपाङग महिला सङ्घ र हिमशिखर टेलिभिजनले आयोगलाई जानकारी गराएका थिए । उनको अवस्थाको बारेमा आयोगका क्षेत्रीय निर्देशक कोषराज न्यौपानेसहितको टोलीले अनुगमन गरेको थियो । अनुगमनपश्चात् मानसिक स्वास्थ्य स्वालम्बन सङ्गठन 'कोसिस' संस्थासँग समन्वय गरी रुपाको उद्धार गरिएको थियो।



रुपा गौतमको जेठी दिदी बाल्यकालदेखि नै वौद्धिक अपाङ्ग र आमा विगत केही महिनादेखि पक्षघातबाट पीडित भई असक्त हुनुहुन्छ । रुपालाई लामो समयदेखि नै मानसिक रोग लागेको तर गरिबीका कारण अस्पताल लगेर उपचार गराउन नसक्दा थुनेर राख्न बाध्य भएको रुपाको परिवारको भनाइ छ । हाल रुपालाई उपचारार्थ 'कोसिस' ले सम्पूर्ण खर्च आफैं बिहोर्ने गरी ललितपुरस्थित उपचार केन्द्रमा ल्याएको छ ।

यसअघि पनि २०७२ माघमा 'कोसिस' ले आयोगकै समन्वयनमा झापा जिल्ला, गरामनि गाविस वडा नं. ४ किशनभिट्टाबाट लामो समदेखि मानसिक रूपमा अस्वथ्य भई साङ्लोले घरमै बाँधी राखिएकी डम्बरी पाण्डेलाई उपचारार्थ ललितपुर ल्याएको थियो ।



## १२ बर्षदेखि साङ्लोले बाँधिएकी महिलाको उद्धार, *पार्थ मण्डल*

***भद्रपुर, २९ माघ ।*** *विगत १२ बर्षदेखि फलामे साङ्लोले बाधिएर रहेकी झापा गरामनी–४ स्थित किशानभिट्टाकी ३७ बर्षिय डम्बरकुमारी पाण्डेको उद्धार भएको छ ।*

*मानसिक सन्तुलन गुमाएकी डम्बरकुमारीलाई फलामे साङ्लोले बाधिएर राखिएको अन्धकार जिवनको बारे सजिलोखबरमा खोजमुलक समाचार आएपछि उनलाई उद्धार गरी शुक्रवार काठमाडौं लगिएको छ । अन्धकार जिवनबाट उज्यालो जिवनमा लैजानका लागि डम्बरकुमारीलाई उद्धार गरी लगिएपछि उनका परिवारजन सहित छरछिमेक पनि हर्षित बनेका छन् ।*

*जिल्ला जनस्वास्थ्य कार्यालय झापाले उपल्बध गराएको एम्बुलेन्समा राखेर डम्बरकुमारीलाई कोशिश नेपालबाट खटिएका कर्मचारी टोलीले निशुल्क उपचारका लागि काठमाडौं लगेका हुन् । डम्बरकुमारीको हेरचाहका लागि उनका दाजु कमल र भाउजु मैना पाण्डे पनि गएकी छिन् । जिल्ला प्रशासन कार्यालय झापाबाट कानुनी प्रक्रिया पुरा गरी राष्टिय मानवअधिकार आयोगले कोशिश नेपालको सहकार्यमा डम्बरकुमारीको घर गएर उनको उद्धार गरेका थिए । सो उद्धार कार्यमा जिल्लाका मानवअधिकारकर्मी, सञ्चारकर्मी, महिलाकर्मी, नेपाल प्रहरीको उपस्थिती रहेको थियो । गत असोजमा पाण्डेको बिषयमा सजिलोखबरमा समाचार आएलगतै राष्टिय मानवअधिकार आयोगले चासो सहितको पहल देखाएका थिए । आयोगकै पहलमा मानसिक सन्तुलन गुमेका व्यक्तिको लागि हेरचाह केन्द्रको रुपमा स्थापित कोशिश नेपालसँग सहकार्यमा उनलाई उद्धार गर्ने सफल भएको राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरका प्रमुख कोषराज न्यौपानले बताए । उनको उद्धार गरी निशुल्क उपचार गरिने छ । उनको उपचार कस्तो किसिमको भइरहेको र अवस्था कस्तो छ भन्न्ने बारेमा आयोगले बेला बेला स्थगतल अनुगमन गर्ने क्षेत्रीय प्रमुख न्यौपानेले बताए । उनका अनुसार महिला तथा बालबालिका कार्यालय झापाले डम्बरकुमारीको परिवारलाई राहत स्वरुप १० हजार रुपैया प्रदान गरिसकेको बताए । एउटा कोठामा बाधिएर डम्बरकुमारीलाई विगत १२ बर्षदेखि परिवारजनले पालपोषण गर्दै आइरहेका थिए । आर्थिक अवस्था कमजोर भएकी उनको परिवारले रकम अभावका कारण पाण्डेको उपचार गराउन नसकेको आयोगले कोशिश नेपाललाई जानकारी गराएपछि उनलाई उद्धार गरी लगेको कोशिश नेपालका काउन्सिलर कल्पना भट्टले बताइन । उनले भनिन् डम्बरकुमारीको उपचार लगायत खाना बस्ने सम्पूर्ण खर्च कोशिश नेपालले लिने र उनको अवस्था हेरर उपचार गराईदिने बताइन् । अरु यस्ता किसिमका घटना भन्दा डम्बरकुमारीको घटना सहज भएकोले उनको उपचार सम्भव हुनेमा आफु विश्वस्त भएको भट्टले बताइन् ।*

*परिवारको कान्छी छोरी भएकी डम्बरकुमारीको मानसिक सन्तुलन बिग्रिएको र उनको उपचारका लागि धामीझाक्री सहित स्थानीय अस्पतालमा उपचार गराएपनि सम्भवन भएको थिएन । उपचार सफल नभएपछि निराश भएकी उनका परिवारजनले अन्तत डम्बरकुमारीलाई थुनेर राख्न बाध्य भएका थिए । अहिले छोरीको उपचार हुने भएपछि उनका आमाको अनुहारमा खुशी छाएको छ । उनका आमा हरिमायाले भनिन् ढिलै भएपनि आयोगले छोरीको उद्धार गरि दिएको छ । छोरीको उपचारका लागि काठमाडौं सम्म पुयाउने सम्पूर्णलाई धन्यावद समेत दिएकी छिन् ।*

*भद्रपुरको बीरेन्द्र नमुना उच्च माध्यामिक बिद्यालयमा कक्षा ८ मा अध्ययनरत डम्बरकुमारी खेलकुद प्रतियोगीताका लागि नवलपरासी गएकी थिइन् । नवलपरासीमा खेल खेल्ने क्रममा लडेर डम्बरकुमारीको टाउकोमा चोट लागेपछि उनले मानसिक सन्तुल गुमाइन् । डम्बरकुमारीको उपचारका लागि परिवारले हरसम्भव कोसिस गरेकै थिए । तर, आर्थिक अभावका कारण उपचार सम्भव भएन । त्यसपछि डम्बरकुमारी १२ वर्षसम्म पशुझै साङ्लोले बाधिएर कोठामा थुनिनुको बिकल्प रहेन । १२ वर्ष पछि डम्बरकुमारीको कहालिलाग्दो अवस्था समाचारको रुपमा प्रकासन प्रशारण भएपछि ढिलै भएपनि डम्बरकुमारीको उद्धार भएको छ ।*

*हाल उनको कोसिसबाट नै उपचार भइरहेको छ ।*

राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, ललितपुर

संयोजन/सम्पादन
कैलाशकुमार सिवाकोटी
शक्ति स्मृति गिरी
सुबोध पोखरेल

# मानव अधिकारको अवस्थासम्बन्धी अन्तरसंवाद

## मानव अधिकार रक्षाका लागि सबैले भूमिका निर्वाह गर्नुपर्नेमा जोड

**धनगढी**/आयोगको क्षेत्रीय कार्यालय धनगढीको आयोजनामा भएको कार्यक्रममा मानव अधिकार अवस्थासम्बन्धी अन्तरसंवाद कार्यक्रम कैलालीको जोशीपुरमा सम्पन्न भएको छ। टीकापुर घटनापश्चात् मानव अधिकारको अवस्थामा सामान्य आए पनि आम नागरिकमा अझै पनि त्रास कायमै रहेको सहभागीहरूको भनाइ थियो। विभिन्न खालका समाचारहरू बाहिर आए पनि धर्म/सम्पदायका व्यक्तिहरूबीच आपसमा मेलमिलाप सद्भाव कायम रहेको सहभागीहरू को निष्कर्ष थियो।

कार्यक्रमका सहभागीहरूले टीकापुर घटनापछि जोशीपुर क्षेत्रका केही पसल तथा सवारी साधनमा आगजनी गरिएको र पीडितले हालसम्म पनि क्षतिपूर्ति प्राप्त गर्न नसकेको पीडितले गुनासो गरेका थिए । यस्तै कार्यक्रममा महिला हिंसाका घटना बढ्दै गएको, घरेलु हिंसाका घटना बिद्यमान रहेको, बाल अधिकारको हन्न भएकाले यसलाई रोक्न सबैले आ,आफ्नो क्षेत्रबाट पहल गर्नुपर्नेमा सहभागीहरूको जोड थियो। आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको सम्मान गरेमात्र मानव अधिकारको संरक्षण र सम्वर्द्धन कार्यमा सहयोग पुग्नेमा सबैको जोड थियो।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका नि.निर्देशक मोहनदेव जोशी, मानव अधिकार अधिकृत पवनकुमार भट्ट, नागरिक समाजका सुदराम दहित, व्यापारी हरिसिंह साउद, स्थानीय शान्ति समिति कैलालीका सदस्य गोमा आचार्य लगायत वक्ताले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

त्यसै गरी आयोगकै आयोजनामा कैलालीको धनगढीमा मानव अधिकारको अवस्था र हाम्रो दायित्व विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहभागीहरूबाट कैलाली जिल्लामा मानव अधिकारको अवस्था कमजोर रहेको र त्यसको सुधारको लागि सबैले आ,आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो। सो कार्यक्रममा कैलालीका प्रमुख जिल्ला अधिकारी अब्दुल कलाम खाँ, जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी उपरिक्षक राजेन्द्र विष्ट, सिविन नेपाल कैलालीका संयोजक माधव लोहनी, सङ्घीय समाजवादी फोरम कैलालीका होरीलाल चौधरी, इन्सेक क्षेत्रीय कार्यालयका सुमित्रा भट्टराई, जनमोर्चाका अध्यक्ष लछिराम आचार्य, अखण्ड सुदूरपश्चिमका हरि रेग्मी, डिएनएफ कैलालीकी मिना देवी सोपसरजु चौधरी लगायतले आआफ्नो धारणा राख्नुभएको थियो।



*मानव अधिकारको अवस्थासम्बन्धी अन्तरसंवाद कार्यक्रमका आफ्नो भनाइ राख्दै सहभागीहरू*

# मानव अधिकार सचेतना तथा रेडियो कार्यक्रमको समीक्षा

**पोखरा**/मानव अधिकार सचेतना तथा रेडियो कार्यक्रमको समीक्षासम्बन्धी अर्न्तक्रिया कार्यक्रम लमजुङ सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयद्वारा आयोजित अर्न्तक्रियामा मानव अधिकारसम्बन्धी रेडियो जिङ्गल कार्यक्रमबाट आम नागरिकले आफ्नो मानव अधिकार हनन भएको अवस्थामा मानव अधिकार आयोगमा उजुरीसम्बन्धी जानकारी पाउनु साथै जिङ्गल रेडियोमा मात्र नभई टेलिभिजनबाट समेत प्रशारण गर्नुपर्ने सुझाव दिएका थिए । आयोगले महिला अधिकारका क्षेत्रमा गरेका कामकारबाहीहरू महत्त्वपूर्ण रहेको र आगामी दिनहरूमा समेत महिलाको हक हितको सवालमा आवान उठाउनुपर्ने विषयमा चर्चा भएको थियो ।

जातीय भेदभावलाई केवल राजनीतिक मुद्दामात्र बनाउने गरेकोमा गुनासो गर्दै सहभागीहरूले महिलामाथि घरेलु हिंसा अझै पनि समस्याको रूपमा रहेको बताएका थिए । गाविसस्तरमा भएको घरेलु हिंसाविरुद्धमा उजुरी दिने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने, महिलाको साँस्कृतिक, राजनैतिक, आर्थिक र शैक्षिक अधिकारलाई सुनिश्चित गर्न हरेक टोल र गाउँमा महिला सशक्तीकरणका कार्यक्रम व्यापक रूपमा सञ्चालन हुनुपर्ने उनीहरूको जोड थियो ।




*मानव अधिकारको रेडियो कार्यक्रम समिक्षा सम्बन्धमा अन्तरक्रिया कार्यक्रममा आयोगका कर्मचारी सहित अन्य सहभागिहरू*

# राष्ट्रिय मानव अधिकार आयोगका केहि प्रकाशनहरू र प्रेस विज्ञप्ति












राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ जेठ ३० गते

**व्यक्तिको मर्यादा र कानूनको शासनको सम्मान गर**

गत जेठ २३ गते बैतडी जिल्लाका जनस्वास्थ्य **प्रमुख मे.सु. डा गुणराज अवस्थी** र जेठ २५ गते धनगढी उपमहानगरपालिका कार्यालय कैलालीका **ईन्जीनियर दिजराज भट्टलाई** कार्यालयमा कार्यरत रहेको अवस्थामा कालोमोसो दलिएको घटना र तत्पश्चात दुवै जिल्लाहरुमा सरकारी सेवा प्रभावित हुन गएका घटनाहरुप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । ती दुवै घटनाको सम्बन्धमा आयोगबाट अनुगमन तथा सम्बद्ध पक्षहरुसँग जानकारी लिने कार्य गरिरहेको छ ।

मानवअधिकारको आधारभूत सिद्धान्त, मूल्य र मान्यताले प्रत्येक व्यक्तिको मर्यादा, आत्मसम्मान तथा कानूनको शासनलाई उच्च सम्मान गर्नु सबैको कर्तव्य रहन्छ । कुनै पनि विषयका सन्दर्भमा रहेका असहमति तथा विवादको विषयलाई कानून बमोजिम प्रक्रियासम्मत ढंगले आधिकारिक निकायबाट समाधान खोजिनु पर्नेमा व्यक्तिको मानव अधिकार, मर्यादा, आत्मसम्मानमा गम्भीर आँच आउने गरी भएको कालोमोसो दल्ने कार्य जस्ता घटनाहरु मानव अधिकारको मूल्य मान्यता र कानूनको शासन विरुद्धका कार्य हुन् ।

उक्त दुवै घटनाहरुको छानविन गरी घटनामा संलग्न दोषी देखिएका जोसुकैलाई कानून बमोजिम तत्काल कार्वाही प्रकृया अगाडी बढाउन आयोग स्थानीय प्रहरी प्रशासनलाई आग्रह गर्दछ ।

उनीहरुको सुरक्षाको प्रत्याभूति गर्न र सेवा प्रदायक निकायहरु जनसरोकारका प्रत्येक विषयमा जिम्मेवार र जवाफदेही रहन तथा राजनितिक दल, नागरिक समाज एवं सञ्चारजगतले जनताका आधारभूत अधिकारहरु सुनिश्चित गर्ने गराउने दिशामा सकारात्मक भूमिका निर्वाह गरी जनसेवाका विषयहरुलाई निर्वाध रुपमा संचालन हुने वातावरण सृजना गर्न तथा पीडितहरुले सुरक्षितरुपमा कार्य गर्ने वातावरण निर्माण लागि सहयोग गर्न आयोग आव्हान गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ जेठ ३० गते

## व्यक्तिको मर्यादा र कानूनको शासनको सम्मान गर

गत जेठ २३ गते बैतडी जिल्लाका जनस्वाथ्य **प्रमुख मे.सु. डा गुणराज अवस्थी** र जेठ २५ गते धनगढी उपमहानगरपालिका कार्यालय कैलालीका **ईन्जीनियर दिजराज भट्टलाई** कार्यालयमा कार्यरत रहेको अवस्थामा कालोमोसो दलिएको घटना र तत्पश्चात दुवै जिल्लाहरुमा सरकारी सेवा प्रभावित हुन गएका घटनाहरुप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । ती दुवै घटनाको सम्बन्धमा आयोगबाट अनुगमन तथा सम्वद्ध पक्षहरुसँग जानकारी लिने कार्य गरिरहेको छ ।

मानवअधिकारको आधारभूत सिद्धान्त, मूल्य र मान्यताले प्रत्येक व्यक्तिको मर्यादा, आत्मसम्मान तथा कानूनको शासनलाई उच्च सम्मान गर्नु सबैको कर्तव्य रहन्छ । कुनै पनि बिषयका सन्दर्भमा रहेका असहमति तथा विवादको विषयलाई कानून बमोजिम प्रक्रियासम्मत ढंगले आधिकारिक निकायबाट समाधान खोजिनु पर्नेमा व्यक्तिको मानव अधिकार, मर्यादा, आत्मसम्मानमा गम्भीर आँच आउने गरी भएको कालोमोसो दल्ने कार्य जस्ता घटनाहरु मानव अधिकारको मूल्य मान्यता र कानूनको शासन विरुद्धका कार्य हुन् ।

उक्त दुवै घटनाहरुको छानविन गरी घटनामा संलग्न दोषी देखिएका जोसुकैलाई कानून बमोजिम तत्काल कार्वाही प्रकृया अगाडी बढाउन आयोग स्थानीय प्रहरी प्रशासनलाई आग्रह गर्दछ ।

उनीहरुको सुरक्षाको प्रत्याभूति गर्न र सेवा प्रदायक निकायहरु जनसरोकारका प्रत्येक विषयमा जिम्मेवार र जवाफदेही रहन तथा राजनितिक दल, नागरिक समाज एवं सञ्चारजगतले जनताका आधारभूत अधिकारहरु सुनिश्चित गर्ने गराउने दिशामा सकारात्मक भूमिका निर्वाह गरी जनसेवाका विषयहरुलाई निर्वाध रुपमा संचालन हुने वातावरण सृजना गर्न तथा पीडितहरुले सुरक्षितरुपमा कार्य गर्ने वातावरण निर्माण लागि सहयोग गर्न आयोग आव्हान गर्दछ ।

मोहना अन्सारी

सदस्य / प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

# मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।

## उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

**उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।**

**मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।**

## उजुरी दिने ठेगानाः

## राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालय, हरिहरभवन, पूल्चोक ललितपुर, नेपाल**

**फोनः ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००**

**इमेल**: complaints@nhrcnepal.org Website: www.nhrcnepal.org
www.facebook.com/NepalNHRC Twitter: @NepalNHRC

### क्षेत्रीय कार्यालयहरु

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, वरगाछी, विराटनगर,
फोनः ०२१-४६१९३१, ४६१०९३, फ्याक्सः +९७७-२१-४६११००, इमेलः nhrcbrt@nhrcnepal.org
मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर,
फोनः ०४१-५२७८११, ५२७८१२ फ्याक्सः +९७७-४१-५२७२५० इमेलः nhrcjnk@nhrcnepal.org
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा,
फोनः ०६१-४६२८११, ४६३८२२, फ्याक्सः ९७७-६१-४६५०४२, इमेलः nhrcpkr@nhrcnepal.org
मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज,
फोनः ०८१-५२६७०७, ५२६७०८, फ्याक्सः ९७७-८१-५२६७०६, इमेलः nhrcnpj@nhrcnepal.org
सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी,
फोनः ०९१-५२५६२१, ५२५६२२, फ्याक्सः ९७७-९१-५२५६२३, इमेलः nhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रीय कार्यालयहरु

दिक्तेल, खोटाङ्ग, फोनः ०३६-४२०२८४ इमेलः nhrckht@nhrcnepal.org
बुटवल, रुपेन्देही, फानः ०७१-५४६९११ इमेलः nhrcbtl@nhrcnepal.org
जुम्लाबजार, जुम्ला, फोनः ०८७-५२०२२२, इमेलः nhrcjum@nhrcnepal.org